# सुन्दरबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ, गण्डकी प्रदेश, नेपाल

# SUNDARBAZAR MUNICIPALITY
## Office of Municipal Executive
Sundarbazar, Lamjung, Gandaki Province, Nepal

**बेरोजगार सूचीमा सूचीकृत हुन निवेदन दिने सूचना**
**(सूचना प्रकाशन मिति : २०८२/११/१३)**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (थ) बमोजिम बेरोजगारको तथ्याङ्क संकलन र रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ ( दोश्रो संसोधन २०७७) को नियम ७ र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका २०८२ को दफा १४ (२) र १७ बमोजिम आगामी **आर्थिक वर्ष २०८३/०८४** का लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहद्धारा संचालन हुने रोजगार प्रवर्द्धन कार्यक्रम तथा न्यूनतम रोजगारी व्यवस्थापन कार्यक्रममा संलग्न हुन निवेदन दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई ५९ वर्ष नकटेका बेरोजगार व्यक्तिहरुले आवश्यक कागजात सहित तोकिएको ढाँचामा निवेदन भरी आफु स्थायी वसोवास रहेको वडा कार्यालय वा रोजगार सेवा केन्द्रमा **मिति २०८२ फागुन ३० गते** सम्म दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएकोछ। बेरोजगार सूचिकृत हुन निवेदन फारम नगरपालिकाको वेवसाइट https://sundarbazarmun.gov.np/ne/content/फारम बाट डाउनलोड गर्न सकिन्छ वा रोजगार सेवा केन्द्र र वडा कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

पुनश्चः अघिल्ला आर्थिक वर्षहरुमा सुचिकृत भएका बेरोजगारहरुले समेत आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि सुचिकृत हुन तोकिएको निवेदन फारम भरी नविकरण गराउनु पर्नेछ। तोकिएको मिति भित्र आवश्यक बिवरण पुर्ण रुपमा नभरी पेश भएको कारण निवेदन सूचिकृत हुन नसकेमा नगरपालिका जवाफदेही नहुने समेत जानकारी गरिन्छ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी — १ प्रति
२. पासपोर्ट साइजको फोटो — १ प्रति
३. निवेदक अन्यत्रबाट बसाई सराई भई आएको हकमा बसाई सराई प्रमाण पत्रको प्रतिलिपी ।
४. शैक्षिक ओहोदा, तालिम र कार्य अनुभव प्रमाण पत्रका प्रतिलिपी (भएमा पेश गर्ने) ।

*नोट : सूचिकृत मध्ये प्राथमिकताको आधारमा छनौट भएका बेरोजगारहरुलाई नगरपालिकाले सम्बन्धित ऐन, नियमावली, कार्यक्रमको निर्देशिका तथा कार्यविधिको अधिनमा रही न्यूनतम रोजगारी (भौतिक पूर्वाधार निर्माण तथा मर्मत), स्वरोजगारमुलक तालिम, स्वास्थ्य तथा शिक्षा अभियान, वातावरण संरक्षण आदि जस्ता क्रियाकलापमा संलग्न गराउन सक्नेछ ।*

**बिस्तृत जानकारीका लागि सम्पर्क नं. :**
रोजगार संयोजक (९७०२६०६४५१)

२०८२।११।१३
.................................
रमेश घर्ति
प्रमुख प्रशासकीय अधिकृत